वर्ष १, अंक २

सामुदायिक विद्यालय सुधार साउन/भदौ, २०७० August 2013

# शिक्षकले चाहेमा गर्न सक्छन्

## Teachers Can Make a Difference

सूर्योदय शैक्षिक प्रतिष्ठान Sunrise Education Foundation | TUN Teachers Union of Nepal | शिक्षा पत्रकार समूह Education Journalists' Group | शिक्षक | शिक्षा नीति तथा अभ्यास केन्द्र | जिल्ला शिक्षा कार्यालय | नेपाल सरकार शिक्षा विभाग

### सम्पादकीय

शिक्षकले चाहेमा गर्न सक्छन् अभियान निरन्तर अगाडि बढिरहेको छ। अभियानले शिक्षक र सम्बन्धित निकायको सम्बन्धलाई सकारात्मक बनाउँदै लगिरहेको छ।

यसबीच हामीले रोल्पा र जनकपुरमा अभियान सम्पन्न गर्‍यौं। दुवै कार्यक्रम विशेष रहे। रोल्पा दस वर्षे जनयुद्धका समयमा चर्चित रहे पनि त्यहाँको शिक्षा क्षेत्र निकै कमजोर रहेको कुरा सबैले महसुस गरे।

धनुषा अभियानले सरोकारवाला निकायलाई एकै ठाउँमा ल्याउनुका साथै विद्यालय सुधारको थालनी गर्ने अवसर जुटायो।

अभियान निरन्तर रहनेछ। यो अभियान सामुदायिक विद्यालयको शिक्षामा सुधार चाहने सबैको साझा अभियान हो। बुलेटिनको यो दोस्रो अंक तपाईहरूको हातमा छ। यसमा प्रकाशित सामग्रीहरूका बारेमा सुझावको अपेक्षा राख्दछौं। प्रकाशित सामग्रीहरूको विस्तृत समाचार तथा भिडियो हाम्रो वेबसाइट www.tcmd.org मा हेर्न र पढ्न सक्नुहुनेछ।

## शिक्षा नीति कमजोर हैन, कार्यान्वयनको खाँचो

**शिक्षकले चाहेमा गर्न सक्छन् अभियानका सिलसिलामा आयोजित कार्यक्रमहरूमा सहभागी शिक्षकहरुले शिक्षा मन्त्रालयसँग सम्बन्धित विभिन्न प्रश्नहरू गर्ने गर्दछन्। नीति अस्पष्ट भएको, थरिथरिका शिक्षकहरू, दरबन्दी मिलान, पुरस्कार र सँजाय, पुस्तक समयमा नपुग्नेलगायतका मुद्दाहरू बढी उठ्ने गरेका छन्। यिनै सन्दर्भमा केन्द्रित रही शिक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता महाश्रम शर्मासँग गरिएको कुराकानीको सार संक्षेप।**

### नीतिगत विषय

सरकारको नीति असफल र कमजोर छैन। सरकारको नीति कमजोर हैन, नीति तथा योजनाको सफल कार्यान्वयनको खाँचो हो। कतिपय विद्यालयका सिकाइ उपलब्धि कमजोर होलान्। अहिले भइरहेकै नीतिका आधारमा पनि राम्रो गरिरहेका विद्यालयहरू छन्। कार्यान्वयनको सुरुवात विद्यालय तहबाट हुन सक्यो भने नीति असफल हैन, विद्यालयहरू अहिलेको नीतिबाटै सुधार हुन सक्छन्। अहिलेका नीतिगत प्रश्नहरू स्थानीयस्तरबाट जे गर्नुपर्ने हो त्यो नभएको र कार्यान्वयनको समस्या आएका कारण उठ्ने गरेका हुन्।

### सामुदायिक र संस्थागतबीचको खाडल

सामुदायिक विद्यालय र संस्थागत विद्यालयबीच खाडल स्पष्ट देखिन्छ। यसको कारण शिक्षक विद्यार्थी र अभिभावकप्रति उत्तरदायी नहुने र विद्यालयप्रति अभिभावकको वेवास्ता पनि हो। निजी विद्यालयमा



बाँकी पृष्ठ ६ मा

## अभिभावकको विश्वास कसरी जित्ने ?

"अभिभावकको सहयोग छैन। हामीले मात्रै गरेर के हुन्छ र ? निजीमा पढाउने अभिभावकले कत्रो तयारी गरेर बालबालिकालाई विद्यालय पठाउँछन्। सामुदायिक विद्यालयमा पठाउने अभिभावकले विद्यार्थीको शिक्षाको बारेमा सोच्दै सोच्दैनन्" राम्रो नतिजा हासिल गर्न नसकेका र थोरै विद्यार्थी भएको सामुदायिक विद्यालयका शिक्षकहरूका मुखबाट यस्तै जवाफ सुन्नुपर्छ।

तर, विद्यार्थी खचाखच भएका र राम्रो नतिजा दिने विद्यालयका शिक्षकहरू यस्ता गुनासो गर्दैनन्। उनीहरूमा सकारात्मक धारणा पाइन्छ। विद्यालयलाई कसरी राम्रो गर्ने, कसरी विद्यार्थीको सिकाइ उपलब्धि बढाउने कुरामै उनीहरू चिन्तित भइरहेको पाइन्छ।

शहरोन्मुख गाउँहरूमा जताततै एकदुईवटा निजी विद्यालयहरू खुलेका छन्। गाउँका टाठाबाठा र धेरथोर आम्दानी भएका अभिभावकहरू निजीमा छोराछोरी पढाउनुलाई प्रतिष्ठाको विषय ठान्दछन्। गाउँमा निजी विद्यालय नभएको अवस्थामा पनि केही अभिभावकले शहरी क्षेत्रका निजी विद्यालयमा आफ्ना सन्तान, खासगरी छोरालाई पढाउने गरेको पाइन्छ।

आफ्नो सामाजिक र आर्थिक हैसियतमा सुधार आउनासाथ अभिभावकहरूले छोराछोरीलाई सामुदायिक विद्यालयबाट निकाल्ने गरेको पाइन्छ। यो अवस्था आउनुमा सामुदायिक विद्यालयका शिक्षकहरूको ठूलो भूमिका छ। विद्यालयको सेवा क्षेत्र भित्रका अभिभावकहरूलाई शिक्षक परिवारले राम्ररी विश्वासमा लिन सकेको पाईंदैन।

कुनै पनि विद्यालयमा विद्यार्थी शून्य रहेको अवस्था छैन। टाढाटाढाबाट दुई गाँस च्यापेर

बाँकी पृष्ठ ६ मा

## सामुदायिक विद्यालय भित्रको भ्रष्टाचार

हरेक वर्ष चैत र जेठमा भरिने Flash। र Flash ॥ बाट विद्यालयको सही तथ्याङ्क संकलन गर्ने भनिए पनि त्यसो हुन सकेको छैन। नभएका विद्यार्थी छन् भन्दै छात्रवृत्ति तथा भौतिक पूर्वाधार निर्माणमा बजेट लिने र त्यसलाई मिलाउने गरिन्छ।

लेखापरिक्षकलाई छुट्टै रकम उपलब्ध गराई हिसाब किताब राफसाफ गर्ने परिपाटीलाई कतैबाट नियन्त्रण गर्न खोजिएको छैन। अर्कोतिर सरकारले विद्यालय शिक्षालाई निःशुल्क गर्ने भन्दै आवश्यक लगानी गरे पनि विद्यालयले सहयोग, परीक्षा शुल्क, प्रमाणपत्र शुल्क जस्ता नामबाट मनपरी शुल्क असुली गर्दै आएको छ। ऐन नियम र निर्देशनको अवहेलना गरी एउटै व्यक्तिले २/३ वटा

बाँकी पृष्ठ २ मा

# ऋषिराम सरको समर्पण

उमेर जुनसुकै भए पनि विचारले मान्छेको अवस्था निर्धारण गर्दछ। युवा जोशका साथ शिक्षण पेशामा समर्पित ऋषिराम पोखरेलसरसँग भेट्ने जोकोही पनि उहाँको उत्साहपूर्ण कार्यतालिका थाहा पाएर दङ्ग नपरी रहन सक्दैन। विगत ३८ वर्षदेखि शिक्षण पेशामा समर्पित ५७ वर्षे ऋषिराम सरले कसैको कर वा अवसर छोप्न शिक्षण पेशामा लाग्नु भएको होइन। उहाँलाई शिक्षक नै बन्छु भन्ने चाहना थियो। बिहान ६ बजे नै हेटौंडाको आधुनिक उच्च माध्यमिक विद्यालयमा पुगिसक्ने र साँझ ६ बजे भन्दा पहिले विद्यालय नछाड्ने दैनिकीले नै उहाँ एउटा शिक्षक हुनुमा कति गर्व गरिरहनु भएको छ र कति आनन्दित हुनुहुन्छ भन्ने जो कोहीले पनि महसूस गर्न सक्छ।

नेपालमा धेरै शिक्षकहरूमा यो भएन, त्यो भएन भन्ने थुप्रै गुनासाहरू छन्। केही अपवादलाई छाड्ने हो भने ऋषिराम सरको ३८ वर्षे शिक्षण यात्रामा असन्तुष्टि अवरोधको रूपमा आउन सकेन। आत्मगौरबले भरिएका



**महिनाको शिक्षक**

कक्षा कोठा हो। "शिक्षकले जहिले पनि विद्यार्थीको अनुहारमा आफ्नो छायाँ देख्नुपर्दछ" भन्ने मान्यता उहाँको छ।



तस्विर: कृष्णओम थापा

ऋषिराम सर भन्नुहुन्छ- "जुन दिन ऋषिरामले पढाएन, अल्छी गर्‍यो भनेर विद्यार्थी, अभिभावक र समुदायले भन्छ त्यो दिनदेखि मेरो झण्डै ४ दशक लामो शिक्षण पेशाको अन्त्य हुनेछ।"

ऋषिराम सरलाई आफूले जानेको कुरा अरुलाई सुनाउन र चित्त बुझाउन पाउँदा सन्तुष्टी हुन्छ। व्यक्तिगत स्वार्थ भन्दा सामाजिक स्वार्थलाई प्राथमिकता दिनुपर्छ भन्ने भावना उहाँमा छ। मकवानपुर जिल्लामा आज जति शिक्षण पेशामा छन् प्रायः सबैजना ऋषिराम सरकै विद्यार्थीहरू छन्। आफूले पढाएका विद्यार्थीले पनि शिक्षण पेशा अंगालेकोमा उहाँ आफूलाई भाग्यमानी ठान्नु हुन्छ।

आफ्नो शिक्षण जीवनमा ऋषिराम सरले कहिल्यै पनि गृहकार्य दिनुभएन। अभिनय, व्याख्यान वा अन्य विभिन्न तरिकाले विद्यार्थीहरूलाई बुझाउन प्रयत्न गर्नुभयो। उहाँलाई कहीँ रमाइलो लाग्छ भने त्यो ठाउँ

यति लामो अवधिसम्म शिक्षण पेशामा सक्रिय भइरहनु पर्ने उहाँलाई कुनै पनि बाध्यता छैन। तर, आफू एकदिन पनि विद्यालयमा नआउँदा उहाँलाई नुन नहालेको तरकारी खाए जस्तो महसूस हुन्छ। आफ्नो विद्यालयलाई कसरी उत्कृष्ट बनाइरहने, सबैको आस्थाको केन्द्र बनाउने भन्ने चिन्तन हमेशा उहाँमा देखिन्छ। ऋषिराम सरकै कुशल नेतृत्वमा शिक्षक परिवार, अभिभावक, स्थानीय सहयोगीहरू र विद्यार्थीको अनुशासित कार्यले विद्यालयको वातावरण हरियालीले भरिएको छ। गर्मीमा छहारी मिलेको छ। विद्यालयको वातावरणले नै जो कोहीलाई एक छिन विद्यालय घुम्न रहर जगाउने गर्दछ।

विद्यालयको गतिविधिको बारेमा हरेक महिनाको अन्तिम दिन बैठक हुन्छ। यो बैठकमा विद्यार्थीको समीक्षा हुन्छ। कोही विद्यार्थी कमजोर छन् भने उनीहरूलाई कसरी सपोर्ट गर्ने भन्ने कुरा यहाँ हुन्छ। यस विद्यालयमा अध्ययन गरेका विद्यार्थी कमजोर हुनुहुँदैन भनेर सबै शिक्षक सहकर्मीहरूलाई उहाँले त्यसै अनुरुप लाग्न प्रेरित गर्नुभएको छ। एउटा प्रधानाध्यापकको कुशल नेतृत्व र सम्पूर्ण शिक्षकको समपर्णले नै आधुनिक राष्ट्रिय उच्च माध्यमिक विद्यालयले विगत नौ वर्षदेखि एसएलसी परीक्षामा जिल्लाको अग्रणी स्थान हासिल गर्न सफल छ। ऋषिराम सर भन्नुहुन्छ- यो विद्यालयल राम्रो हुनमा हामी शिक्षकहरूमा पेशाप्रतिको इमान्दारिताले हो।

प्रधानाध्यापक भएपछि शासक हुनुहुँदैन। सबैलाई मिलाएर अगाडि लैजान सक्ने खुबी हुनुपर्छ। जिम्मेबारी बोध भयो भने आफ्ना सहकर्मीहरूलाई उत्साही बनाउन सकिन्छ। राजनीतिक दलसँग शिक्षक आबद्ध छन्। तर विद्यालयमा राजनीति हुनुहुँदैन। विद्यालय राम्रो हुनुमा सबै साथीहरूको विचारलाई कदर गरेर आफूले नेतृत्व सम्हाल्नु नै प्रमुख हो" ऋषिराम पोखरेल सरले बताउनु भयो।

आधुनिक राष्ट्रिय उमाविले नेपालका सामुदायिक विद्यालयहरूमा पाँचौ स्थान ओगटेको छ। १४ सय विद्यार्थीले यहाँको सुविधासम्पन्न वातावरणमा अध्ययन गर्ने मौका पाइरहेका छन्। विद्यार्थीको चाप थामिनसक्नु छ। निजी विद्यालय र अन्य छिमेकी विद्यालयहरूले आधुनिक उच्च माविलाई प्रतिद्वन्द्वीको रूपमा हेर्ने गर्दछन्।

ऋषिराम सर पञ्चायतकालमा शिक्षकको ट्रेड युनियनको नेतृत्वमा पनि रहनु भयो। नेतृत्वमा रहे पनि कक्षा कोठालाई असर पार्ने काम भएन। अब कुनै दिन शिक्षण पेशाबाट स्वतः अवकाश भएपछि पनि कुनै न कुनै माध्यमबाट स्वतन्त्र शिक्षासेवीको रुपमा सक्रिय रहने उहाँको चाहना छ।

*भिडियोका लागि www.tcmd.org हेर्नु होला।*

**सामुदायिक विद्यालय...**

संस्थामा प्रधानाध्यापक, शिक्षक भएर काम गर्नुलाई पनि भ्रष्टाचार नै मानिन्छ।

एउटा सामुदायिक विद्यालयले निजी तवरमा प्लस टू चलाउनु, संसारमै कहीं नभएको अभ्यास विद्यालयले विश्वविद्यालयको शिक्षाका कार्यक्रम चलाउनु र चलिरहन दिनुलाई पनि जायज मान्न सकिंदैन। एउटै व्यक्ति बिहानदेखि बेलुकासम्म क्याम्पस प्रमुख, प्राचार्य र प्रधानाध्यापक हुने, प्राध्यापक र शिक्षक बन्ने परिपाटीले सामुदायिक विद्यालयका कक्षा १० सम्मका वालबालिकाहरूको सिकाई प्रक्रियामा नकारात्मक असर परेको कुरालाई गम्भीरतापूर्वक लिएको छैन।

**- एम.पी. भुषाल**

*साभार: काष्ठमाण्डप स्मारिका नेपाल शिक्षक संघ, काठमाडौं।*

# शैक्षिक क्रान्ति पनि रोल्पाबाटै



"शिक्षकले चाहेमा गर्न सक्छन्" अभियान अन्तर्गत रोल्पा जिल्लास्तरीय कार्यक्रम सम्पन्न भएको छ । असार ८ गते सदरमुकाम लिवाङमा सम्पन्न कार्यक्रमले जिल्लाको शैक्षिक सुधारका लागि पाँच बुँदे घोषणा पत्र जारी गरेको छ । अभियानले गरेको बहसपछि विद्यालय सुधारको पहिलो पक्ष शिक्षक नै भएको अनुभूति सबै वक्ताले गरेका छन् ।

कार्यक्रममा रोल्पा जिल्लाका उच्च मावि, मावि र प्राविसमेत कुल ४ सय ३२ शैक्षिक संस्थाका प्रधानाध्यापक, १६ वटा स्रोतकेन्द्रका स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समिति प्रतिनिधि र विद्यालय निरीक्षकसहित करिब ६ सय जनाको सहभागिता थियो । कार्यक्रममा शिक्षा मन्त्रालयका सचिव डा.सोमलाल सुवेदी, सहसचिव महाश्रम शर्मा र शिक्षा विभागका निर्देशक टेकनारायण पाण्डेलगायत शिक्षकका पेशागत संघसंगठन, युनियनका केन्द्रीय प्रतिनिधि र स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूकोसमेत सक्रिय सहभागिता थियो ।

स्थानीय विद्यालयको विविध पक्ष समेटिएको भिडियो प्रदर्शनीले सुधारिएका विद्यालय र सुधारमा देखिएका कमजोरी झल्किएको थियो । प्रदर्शित ६ वटा भिडियो प्रदर्शनीले शैक्षिक समस्या र समाधानका विषयमा छलफल गर्ने वातावरण तयार गरेको थियो । जिल्लाका शिक्षक, व्यवस्थापन समिति र प्रधानाध्यापकहरूको समस्याहरू सुन्ने, सुनाउने र समस्याका वैकल्पिक उपायका बारेमा प्रा.डा विद्यानाथ कोइराला र नीतिगत समस्याका बारेमा शिक्षा मन्त्रालयका प्रवक्ता महाश्रम शर्माको प्रस्तुतिले शिक्षकलगायत व्यवस्थापन समितिलाई उत्साहित बनाएको थियो । सहभागीहरूले राजनीतिक क्रान्तिको सुरुवात गरेको रोल्पा जिल्लाले शैक्षिक क्रान्ति पनि आफूहरूले नै शुरुवात गर्ने प्रतिवद्धता व्यक्त गरे ।

नेपाल शिक्षक युनियनका उपाध्यक्ष पूर्णा जोशी, सार्क शिक्षक फेडरेशनका अध्यक्ष मोहन ज्ञवाली, शिक्षक मासिकका सम्पादक राजेन्द्र दाहाल लगायत सबैले आ-आफ्नो जिम्मेवारी पूरा गर्न सके विद्यालय सुधार गर्न सकिने धारणा राख्नुभएको थियो ।

# धनुषा अभियानपछि सम्वादहीनताको अन्त्य

शिक्षकले चाहेमा गर्न सक्छन् अभियानले हिमाल, पहाड र चुरे क्षेत्रका जिल्लाहरूमा सामुदायिक शिक्षा सुधारका पक्षमा शिक्षकहरूलाई उत्प्रेरित गर्ने अनुभव संगाली सकेको थियो । भित्री मधेसका जिल्लाहरूमा पनि अभियान पुऱ्याउने योजना अनुरुप धनुषामा पनि कार्यक्रम सम्पन्न भएको छ ।

धनुषा जिल्लामा राहत, पीसीएफ, विद्यालय व्यवस्थापन समितिका गतिविधिहरू, विभिन्न राजनीतिक दलसँग जोडिएका शिक्षक ट्रेड युनियनहरूका क्रियाकलाप आदिको चर्चाबाट शिक्षालाई बदनाम गराउने कार्य हुँदै आएका थिए । यस्तै विभिन्न अस्पष्टतालाई चिर्न हामीले "शिक्षकले चाहेमा गर्न सक्छन्" कार्यक्रम जिल्ला शिक्षा कार्यालय र शिक्षकका ट्रेड युनियन पदाधिकारीहरूले धनुषाको शिक्षा सुधारमा सकारात्मक संकेत दिनुका साथै सम्बन्धित पक्षबीचको सम्वादहीनताको स्थितिको पनि अन्त्य गरिदिएको छ ।

कार्यक्रमको प्रारम्भ अभियानले तयार पारेको राम्रा र कमजोर विद्यालयका कथाहरूको भिडियो प्रदर्शनबाट गरिएको थियो । ६ वटा भिडियोमा समावेश विषयवस्तुले विद्यालय सुधारका पक्ष र सुधार गर्न नसकिएका पक्षलाई देखाएको थियो । भिडियो हेरिसकेपछि अन्तर्क्रियात्मक पद्दतिबाट शिक्षक, व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षाविद्हरूबीच छलफल भयो ।





कार्यक्रममा प्रा.डा. विद्यानाथ कोइराला, डा. सुसन आचार्य, नेपाल शिक्षक युनियनका अध्यक्ष दिलबहादुर जोशी, ज्ञानोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक धनञ्जय शर्मा, सार्क शिक्षक फेडरेशनका अध्यक्ष मोहन ज्ञवाली, अखिल नेपाल शिक्षक संगठनका केन्द्रीय सचिव दलबहादुर बिसी, अखिल नेपाल शिक्षक संगठनका केन्द्रीय उपाध्यक्ष गौरी मण्डल, सिन्धुलीका शिक्षा अधिकारी चन्द्रप्रसाद लुईंटेललगायतले विद्यालय सुधारसम्बन्धी अभ्यास र अनुभव सुनाउनु भएको थियो ।

असार १९ गते धनुषाको सदरमुकाम जनकपुरधाममा भएको कार्यक्रममा जिल्लाका अधिकांश सामुदायिक विद्यालयका प्रधानाध्यापक, स्रोतव्यक्ति, विद्यालय निरिक्षक, व्यवस्थापन समितिका अध्यक्ष जिल्ला शिक्षा कार्यालयका प्रतिनिधि, मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयका प्रतिनिधि, नेपाल शिक्षक युनियन, शिक्षक संघ संगठनका जिल्लास्तरीय ट्रेड युनियन, विभिन्न गैरसरकारी संस्था, पत्रकार र राजनीतिक दलका प्रतिनिधि गरी ३०० भन्दा बढीको सहभागिता थियो ।

धनुषा जिल्लाका विद्यालय सुधारका लागि गरिएको बहसले अन्त्यमा बाह्र बुँदे घोषणा पत्र जारी गर्दै कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरे ।

# बालमैत्री कक्षाकोठा सृजनशील सिकाई

बालमैत्री शिक्षा असल शिक्षण सिकाईका लागि पहिलो आवश्यकता हो । यसमा हामी सबैको चाहना हुनुपर्छ । शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्रोतव्यक्ति, जिल्ला शिक्षा अधिकारी र जिल्ला शिक्षा कार्यालय एउटै उद्देश्यमा लाग्ने हो भने बालमैत्री शिक्षाको चाहना पूरा गर्न समय लाग्दैन । अहिले हामीले पनि बालमैत्री कक्षाकोठा सृजनशील सिकाई भन्ने नारा अघि सारिरहेका छौं । बालमैत्री कक्षाकोठा बन्न सक्यो भनेमात्र विद्यार्थी कक्षाकोठामा रमाई-रमाई सिक्न सक्छन् । यसका लागि तत्पर शिक्षक र उनीहरूलाई तालिमको खाँचो छ ।

बालमैत्री कक्षाकोठा र बालमैत्री शिक्षणका लागि तत्पर र सिपालु शिक्षकहरू पनि छन् । सबै शिक्षकलाई एउटै डालोमा राख्न हुँदैन । मेरो दायित्व के हो ? मैले आफ्नो दायित्व पूरा गरे कति अभिभावक र परिवार खुसी हुन्छन् ? भन्ने शिक्षकले महसूस गर्न सके सिकाईमा सुधार हुन्छ । यी विषयहरू शिक्षक अभिभावक लगायत सरकारी र गैरसरकारी निकायले बुझ्नु पर्छ ।

शिक्षकसँग नयाँ ज्ञान छ, सीप छ तर भएका सीपलाई उपयोग गर्न चाहिने सपोर्ट सिष्टम छैन । हामीले सँगै रहेर शिक्षण सिकाई र बालमैत्री शिक्षणका क्षेत्रमा प्राप्त गरेको अनुभव र सिकाईमा शिक्षकको भूमिका नै महत्वपूर्ण पाएका छौं । बालमैत्री शिक्षाका सन्दर्भमा सरकारले १ सय ४९ वटा सूचकहरू मध्ये ५ वटालाई न्यूनतम् सूचकका रुपमा लिएको छ ।

मेरो अनुभवमा अहिले भौतिक संरचनालाई महत्व दिएको पाएको छु । तर त्यो भवन र भौतिक पूर्वाधार नै महत्वपूर्ण हैन । बालमैत्री शिक्षा भनेकै बालबालिका रमाएर अध्ययन गर्ने वातावरण हो । बस्ने व्यवस्था, खानेपानी, शौचालय लगायत विद्यालयमा विभिन्न कुराहरू बालबालिकाका लागि उपलब्ध हुनुपर्‍यो र तिनीहरूको प्रयोग बालबालिकाले सहजै गर्न सक्ने हुनुपर्‍यो । तर अहिले त्यस्तो छैन । छात्रा शौचालय छैन, खाँदिएर कोचाकोच बस्नु पर्ने लगायतका बाध्यता छन् । अधिकांश विद्यालयहरूमा बालमैत्री वातावरण छैन ।

बालबालिकाले खेल, भ्रमण, कथाकविता आदिबाट अनुभव गरेर सिक्न चाहन्छन् । उनीहरूलाई सिकाईका लागि प्रोजेक्टवर्क दिनुपर्छ । हामीले बालबालिकालाई रमाएर सिक्ने



**बाबुकाजी श्रेष्ठ**

> **अलिकति मेहनत गरेर शैक्षिक सामग्री तयार गर्न सकिन्छ । शैक्षिक सामग्री सरकारले दिएन भन्नुमात्र भएन ।**

**निम्न पक्षहरू पूरा गरिएको विद्यालयको कक्षाकोठाहरू बालमैत्री कक्षाकोठा बन्न सक्छन् ।**

**अ) प्रत्येक विद्यालयमा सम्भव हुने**

- प्रधानाध्यापकका लागि प्रभावकारी निर्देशन
- सुधारका लागि समर्पित शिक्षकहरू
- सिक्नका लागि राम्रो र व्यवहारिक विद्यार्थीहरू
- शिक्षक, विद्यार्थी न्यून रुपमा अनुपस्थित हुने
- सबै बालबालिकाको पहुँच भएको शुद्ध खानेपानी र सफा शौचालय
- शारीरिक सजायँ र डर त्रासरहित वातावरण
- साना कक्षाहरूमा कक्षा शिक्षण
- पाठ समयमा सुरु भएको
- सावधानीपूर्वक तयार गरिएको कक्षा योजना
- साना कक्षामा परिक्षाको सट्टा निरन्तर मूल्याङ्कन आदि ।

**आ) सुविधा सम्पन्न विद्यालयहरूमा मात्र सम्भव**

- राम्रो डेस्क, एउटामा डेस्कमा दुई जना विद्यार्थी
- फराकिलो र उज्यालो कक्षाकोठा
- पिनबोर्डमा गरिएको आकर्षक प्रदर्शनी
- सानो कालोपाटीको प्रभावकारी प्रयोग
- विज्ञान, गणित र कला सामग्रीको प्रभावकारी प्रयोग
- सबै विद्यार्थीहरूले प्रयोग गर्न सक्ने प्रशस्त किताब भएको पुस्तकालय
- सबै कक्षाहरूमा विद्युत आपूर्ति भएको
- कम्प्युटर, फोटोकपी मेसिन, सी.डी., डि.भी.डी. प्लेयर
- सबै विद्यार्थीहरूले नियमित रुपमा प्रयोग गर्ने खेल सामग्री ।

*स्रोतः बालमैत्री कक्षाकोठा सृजनशील सिकाई पुस्तकबाट*

वातावरण दिनुपर्छ, यसमा शिक्षकले ध्यान पुऱ्याउन जरुरी छ । फेरि बालमैत्री वातावरण विद्यालयमा मात्र भएर हुँदैन । घरघरमा पनि त्यस्तै वातावरण तयार गर्न अभिभावक पनि सचेत हुनुपर्छ । अभिभावकहरूलाई सचेत बनाउन शिक्षकहरूको ठूलो भूमिका रहन्छ ।

बालमैत्री शिक्षाको वातावरण पैसा खर्च गरेर किन्नु पर्ने सामग्री बिनै पनि बनाउन सकिन्छ । विद्यार्थी नै सामग्री हुन सक्छन् । गुच्चा, कोकोकोलाको बिर्को, कार्टुन बक्सलगायत यस्ता धेरै खेर गएको वस्तु निःशुल्क पाइन्छ । अलिकति मेहनत गरेर शैक्षिक सामग्री तयार गर्न सकिन्छ । शैक्षिक सामग्री सरकारले दिएन भन्नुमात्र भएन । वरिपरिका वस्तुको प्रयोग गर्न सकिन्छ । यसमा शिक्षकको चाहना र जाँगर मुख्य विषय हो । उत्तरदायित्वबोध भएका शिक्षकहरूलाई यी कुरा भनिरहनु पनि पर्दैन । ठाउँठाउँमा आफ्नै पहलमा शिक्षक परिवारले कार्य गर्दै आएका छन् ।

बालमैत्री शिक्षा सम्बन्धी फ्रेमवर्क र यसको कार्यान्वयन एकदमै न्यून छ । अहिलेसम्मका काम र तालिमहरूको पुनरावलोकन मूल्याङ्कन गर्न पनि आवश्यक छ । अहिले भइरहेको कमजोर सिकाईस्तरमा परिवर्तन गर्न लाग्ने हो भने शिक्षकमा चाहना हुनुपर्‍यो र सरकारले तालिमको व्यवस्था गर्न जरुरी छ । बालमैत्री शिक्षाका सन्दर्भमा तालिमको व्यवस्था र तोकिएका सूचक अनुसारको बालमैत्री कक्षाकोठाको वातावरण मिलाउन शिक्षक, अभिभावक तत्पर हुनु पर्‍यो र सरकारले पनि सहयोग गर्नुपर्‍यो । सबैले आ-आफ्नो क्षेत्रबाट जिम्मेबारीको महसूस गर्न सके धेरै समय भने लाग्दैन ।

बालमैत्री कक्षाकोठा र सृजनशील सिकाई अहिलेको सन्दर्भमा अपरिहार्य कुरा हुन् । विद्यार्थीको सिकाई उपलब्धिका लागि यी कुराको ठूलो प्रभाव रहन्छ । खास गरेर प्राथमिक तहमा विद्यार्थीमा सिर्जनशीलता भर्न सकियो र उनीहरूलाई सिर्जनात्मक तरिकाले सोच्ने बनाउन सकियो भने उनीहरूका लागि माथिल्ला कक्षाहरूमा सहज हुँदै जानेछ । सबै विद्यालयहरूमा बालमैत्री कक्षाकोठा र सृजनशील सिकाईको वातावरण अपरिहार्य छ ।

■


*ग्लोबल एक्सन नेपालका कार्यकारी निर्देशक बाबुकाजी श्रेष्ठसँग गरिएको कुराकानीमा आधारित । उहाँसँग गरिएको कुराकानीको भिडियो www.tcmd.org.np मा हेर्न सक्नुहुनेछ ।*

# हाम्रा स्कूलहरूमा अङ्ग्रेजी शिक्षा

सामान्यतया हाम्रा सामुदायिक विद्यालयहरूमा अङ्ग्रेजी बिषयलाई एक कठिन विषयको रूपमा लिने गरेको पाइन्छ । परिणामस्वरूप दश बर्षसम्म अध्ययन गरेको बिषयमा सामान्य उत्तीर्णाङ्क समेत हासिल गर्न नसक्नु, जेनतेन उत्तीर्ण भै हाले तापनि उच्च शिक्षाको समयमा अङ्ग्रेजी विषयकै कारण अत्यधिक विद्यार्थीले आफ्नो पढाइ छाड्न परेको अवस्थाले तथ्यलाई पुष्टी गर्दछ । तर वास्तवमा अङ्ग्रेजी अप्ठ्यारो भाषा होइन, यसलाई हामी शिक्षकले अप्ठ्यारो बनाएका छौं, सजिलो पारौं ।

यसै तथ्यलाई ध्यान दिदै यो अवस्थाको उपचारको निम्ति केही उपाय प्रस्तुत गरेको छु ।

अङ्ग्रेजी विषय भन्दा पनि दैनिक प्रयोगमा आउने, ल्याउनु पर्ने सीप हो भन्ने कुरा आत्मसात गरौं । सीप तथ्यको जानकारीले




भन्दा पनि प्रयोगले मात्र सिक्ने कुरा हो त्यसैले यसको अध्यापनमा ज्ञानको भन्दा सीपको हस्तान्तरणमा जोड दिने गरौं । भाषाको प्राकृतिक नियम सुनेरै जान्न सुरु गरिने हो, त्यस पछि बोल्न र मात्र पढ्न र लेख्न जानिने हो भन्ने कुरा नबिर्सौं । भाषा नियमले भन्दा प्रयोगले सिकिने कुरा हो भन्ने कुरा हामी आफ्नै बचपनलाई सम्भ्केर बुझौं र तद्अनुसार नै बाटो तय गरौं । परीक्षाको निम्ति निर्धारित कोर्स सक्ने भन्दा आज मेरा विद्यार्थीले के सिके भन्ने कुरामा ध्यान दिने गरौं । किनकि विद्यार्थीले सिकेकै छैन भने कोर्स सक्नुको के अर्थ रहयो र ।


तसर्थ,

शिक्षक साथीहरू यसो गरौं:

बालबालिकासँग सरल अङ्ग्रेजी भाषामा कुराकानी गरौं । कक्षागत भाषा (Classroom Language) को प्रयोग गरौं । हामी बोलौं विद्यार्थीलाई प्रशस्त सुन्ने मौका दिऊँ । विद्यार्थीलाई नक्कल गर्ने मौका दिऊँ । सुनाई र बोलाईलाई अत्यन्त महत्त्व दिऊँ । विद्यार्थीले गरेको कोशिसको लागि प्रसंशा गरौं, सुनेको कुरालाई बुझ्न र बोल्ने प्रयत्नको निम्ति प्रशस्त समय दिऊँ । सिकाउन लागिएको कुरा अर्थपूर्ण तरिकाले सिकाऊँ, अभ्यास गर्ने प्रशस्त मौका दिऊँ । शैक्षिक सामग्रीको प्रयोग गरौं । सुरुका दिनमा एक दिनमा एकको नीति लागू गरौं, अर्थात्- दिनमा एउटा कुरा सिकाऊँ यसरी सिकाऊँ कि उनीहरूले त्यो कुरालाई विभिन्न कोणले प्रयोग गरून्, गराऊँ । भाषागत खेलहरू खेलाऊँ । कक्षामा रमाइलो वातावरण तयार गरौं जहाँ विद्यार्थीले आफूलाई सहजै प्रस्तुत गर्न सकून् । सुनेर बुझ्न र उच्चारण गर्न सकेका कुराहरू मात्र पढ्न लगाऊँ, पढ्न जाने पछि मात्र लेख्न लगाऊँ ।

हामी पहिले लेखाई सीपबाट हाम्रो अध्यापन कार्य सुरु गर्छौं, यसलाई उल्ट्याऊँ, सुनाइ बोलाईबाट सुरु गरौं । लेखाइ पढाइलाई अन्त्यमा सिकाऊँ । आफूले पढाएर सक्न खोज्दछौं । विद्यार्थीले सिके नसिकेको हेरौं । हाम्रो अध्यापन कार्यलाई स्वयं मूल्याङ्कन



**टीकाराम रेग्मी**
tikaram73@gmail.com

गरौं । विद्यार्थीले के गर्दा राम्ररी सिक्दछन्, खोजी गरौं, पढाउने तरिकामा विविधता ल्याऊँ । जे गरौं विद्यार्थीलाई श्रोता वा दर्शक होइन, कर्ता (Activist) बनाऊँ । हामी कर्ता भन्दा सहजकर्ताको भूमिकामा रूपान्तरण गरौं ।

उदाहरणको लागि: सुरुमा सिकाइने शब्द जस्तै (Lamp) लाई बस्तु वा चित्रको सहाराले (It's a lamp.) वाक्यमा प्रयोग गरी सिकाऊँ । यसका चित्रसँगै अन्य चित्रहरू पनि राखी चिन्न लगाउने खेल खेलाऊँ । खेलको माध्यमले शब्द पत्ती र चित्रपत्तीहरूको जोडा मिलाउने रमाइलो खेल खेल्न लगाऊँ । अक्षरहरूलाई नमिल्दो गरी राखी मिलाउन लगाउने खेल खेलाऊँ । जब विद्यार्थीहरू यो शब्दको प्रयोग सुनेर बुझ्न, उच्चारण गर्न, शब्द र बस्तुको जोडा मिलाउन, हिज्जे मिलाउन आदि जान्ने हुन्छन्, उनीहरूलाई (l) लेख्न लगाऊँ । त्यो पनि क्यापिटल होइन, स्मल लेटर । धुलोमा, कापीमा, हावामा, सिन्काले, औंलाले, पेन्सिलले धर्सो तान्न सिकाऊँ । सानो कुरालाई यति धेरै कोणबाट प्रयोग गर्न लगाऊँ कि विद्यार्थीले सहजै सिकेको अनुभव गरून् । शिक्षकबाट प्रशंसित होऊन् तर दिक्क नमानून् बरु रमाईरमाई अभ्यासमा सहभागी बनून् ।

मुख्य कुरा, हामीले उदाहरणसहित विद्यार्थीको भूमिका बुझाइ दिऊँ, उनीहरूलाई काममा व्यस्त गराऊँ, हामीले मुस्कुराउँदै उनीहरूका गतिबिधिलाई नियालौं, बिगार्दा बाटो देखाऊँ, गरेका कामको निम्ति (राम्रो नराम्रो जे होस्) धन्यवाद दिऊँ । बेला मौकामा साथीहरूको अगाडि आफ्नो क्षमता प्रस्तुत गर्ने मौका प्रदान गरौं । विद्यार्थीले बुझ्न, उनीहरूसँग क्षमता रहेछ । हामीले बुझौं-हरेक सफलताको पछाडि आत्मविश्वासको प्रमुख भूमिका छ । हामी सहायक बनौं, विद्यार्थीले थाहै नपाई प्रगति गर्नेछन् ।

# शिक्षा नीति कमजोर हैन, कार्यान्वयनको खाँचो

अभिभावकले महँगो शुल्क तिर्छन् । र, निरन्तर आफ्ना बालबच्चाको पढाईप्रति सजग हुन्छन् । तर सामुदायिक विद्यालयमा यस्तो हुँदैन ।

मुख्यतः शिक्षक अभिभावकप्रति उत्तरदायी हुनपर्छ । शिक्षकको प्राथमिकतामा शिक्षण पर्न सक्यो भने विद्यालय सुधार हुन्छ । विद्यालय र सिकाईमा हुने सुधार शिक्षकको चाहनामा भर पर्छ । यी सबैलाई शिक्षा मन्त्रालय अभिभावक मन्त्रालय भएको कारण कडाईका साथ हेर्न सुरु गरेको छ । विद्यालयमा पठनपाठन गर्नुपर्ने शिक्षकहरू त्यो दायित्वबाट पन्छिएर अन्य कार्यहरूमा दौडिए तिनीहरूमाथि कारवाही हुन्छ । यसमा कुनै कम्प्रोमाइज हुँदैन ।

### शिक्षक राजनीति

शिक्षकका माग र शिक्षकहरूले गर्ने राजनीतिका विषयमा पनि कुराहरू उठ्ने गरेका छन् । शिक्षकले आफ्ना माग उठाउने विषय जायज हो । तर शिक्षक विद्यालय समयमा कुनै पार्टीको मिटिङमा जाने त कहीँ उल्लेख छैन । शिक्षकले आफ्ना माग उठाउँदा आचारसंहिता भित्र बसेर आफ्ना माग राख्नु पर्छ । विचार बोक्ने स्वतन्त्रता सबैको छ ।

तर पठनपाठन बिगारेर राजनीति गर्नु आचारसंहिताभित्र पर्दैन । शिक्षक युनियन, गणतान्त्रिक मञ्च र संघसंगठनहरूका मागहरू सरकारले संबोधन गर्दै आएको छ । शिक्षकले आफ्ना मागसँगै शिक्षण क्रियाकलापलाई पनि पहिलो प्राथमिकतामा राख्नुपर्छ । शिक्षक कक्षाकोठाप्रति प्रतिबद्ध हुनैपर्छ ।

### गुणस्तर सुधार

बालबालिकाको सिकाईस्तर राम्रो बनाउने सामुदायिक विद्यालयहरूलाई पुरस्कृत गर्ने, सामुदायिकमा भएका राम्रा कुरा संस्थागतले सिक्ने र संस्थागतका राम्रा अभ्यास सामुदायिक विद्यालयले सिक्ने वातावरण निर्माण गरिँदैछ । गुणस्तर वृद्धि गर्नैका लागि प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौताको नीति लिएका छौँ । त्यस्तै शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी सुधारै नगर्ने शिक्षकलाई घर फर्काउने सम्मको निर्णयमा पुग्ने व्यवस्था गरेका छौँ । यसले शिक्षकलाई जिम्मेबारी बोध गराउँछ ।

### स्थानीय तहमै अनुगमन

हामीले विद्यालयको पहिलो अनुगमनकर्ता प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र स्रोतव्यक्तिलाई मानेका छौँ । त्यसपछि मात्र जिल्ला शिक्षा कार्यालय र माथिल्लो निकायको अनुगमन प्रभावकारी हुन्छ । त्यसैले यसका लागि शिक्षक जागिरेमात्र नभई मार्गदर्शक बनेर आफ्नो जिम्मेवारी बोध गराउने छ । यसैका लागि कार्यान्वयन सहजतामा प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गर्न लागेका हौँ ।

### तालीम तथा वृत्तिविकास

तालिम प्रभावकारी नभएको भन्ने हैन । पहिले माथिबाट तालिम प्याकेज निर्माण गरेर तालिम दिने गरिन्थ्यो त्यसैले प्रभावकारी भएन । तर अहिले हामीले शिक्षककै मागका आधारमा तालिम दिने व्यवस्था मिलाएका छौँ । अब तालिमका सवालमा प्रश्नहरू उठ्दैनन् ।

शिक्षकहरूलाई कक्षाकोठामा जाने वातावरण बनाउन तालिम, वृत्तिविकासलगायत कार्यसम्पादन मूल्याङ्कन एकसाथ लाने वातावरण मिलाएका छौँ । पुरस्कार र दण्डको व्यवस्था मिलाएको छौँ । शिक्षकको कामको मूल्याङ्कनका आधारमा सम्मान गर्ने, शिक्षकका समस्या सुन्ने र समाधान गर्दै शिक्षकका मनोवल उच्च राख्न सेवा सुविधाको समेत समय-समयमा पुर्नमूल्याङ्न गर्ने गरिएको छ ।

### शिक्षक सरुवा

शिक्षकको सरुवा विद्यालय व्यवस्थापन समितिको सहमतिम मात्र गरिने व्यवस्था छ । अहिले सरुवालाई दरबन्दी मिलान पछि गर्ने भनेर रोकिएको हो । दरबन्दी मिलान टुङ्गयाउने कार्यलाई निरन्तरता दिएको छ । अहिलेसम्म ४८ जिल्लाको दरबन्दी मिलान सम्पन्न भइसक्यो । शिक्षक सरुवाका समस्या निजामती सेवाको जस्तै निश्चित Criteria बनाएर जान सके यो समस्या पनि हल हुन्छ ।

### १७ थरिका शिक्षकको प्रश्न

स्रोतका आधारमा शिक्षकको व्यवस्थापन गर्दा धेरै थरिका भन्ने देखिएको हो । शिक्षक ३ थरिका मात्र छन्- स्थायी अस्थायी र राहत । १७ थरि शिक्षक भन्ने यथार्थ हैन । केही शिक्षक साथीहरूले जागीरलाई निरन्तरता दिन संघर्ष गरेका हुन् । आवश्यक शिक्षकको दरबन्दी पूरा गरेर दरबन्दी मिलान गर्ने हो भने यो समस्या पनि रहँदैन ।

### पाठ्यपुस्तक समयमै नपुग्ने सवाल

पाठ्यपुस्तक र पाठ्यक्रमको व्यवस्था सरकारले गरेको छ । समयमा पाठ्यपुस्तक पुऱ्याउने जिम्मेवारी शिक्षा मन्त्रालय र पाठ्यक्रम विकास केन्द्रको हो । समयमा पाठ्यपुस्तक नपुग्ने समस्या यथार्थ हो । कमजोरीको खोजी गर्न सरकार लागिरहेको छ । तर पढाउनका लागि पाठ्यपुस्तकै चाहिन्छ भन्ने हैन । शिक्षकले पाठ्यपुस्तक भएन भन्दै पढाउन छाड्नु गैरजिम्मेवार हो । पाठ्यक्रम अनुसार पनि पढाउन सकिन्छ । पाठ्यपुस्तक भएन भनेर पढाउनै छाड्नु दोष पन्छाउने तरिका मात्र हो । शिक्षक जिम्मेबार बन्नुपऱ्यो उत्तरदायित्व बोध गरेमात्र पनि यो समस्या हुँदैन ।

*सहसचिव शर्माको विस्तृत भिडियो अन्तर्वार्ता www.tcmd.org मा हेर्न र सुन्न सक्नु हुनेछ ।*

---

## अभिभावकको विश्वास...

विद्यालय आएका बालबालिकाहरूलाई शिक्षकले प्रेमपूर्ण वातावरणमा गुणस्तरीय शिक्षा उपलब्ध गराउन सक्छन् । जीवनोपयोगी कुरा सिकाउन सक्छन् । उनीहरूमा हौसला भर्न सक्छन् । दिनभरि भोक र प्यासले थलिएका विद्यार्थीहरू घरमा पुगेर विद्यालयमा केही सिकेको र शिक्षकले माया प्रेम दर्शाएको कुरा बाबुआमालाई सुनाउन सके भने अभिभावकको मनमा शिक्षक र विद्यालयप्रति श्रद्धा जाग्छ ।

यदि बालबालिकाहरूले शिक्षकहरूको मायाँ र स्यावासी पाए भने बाबुआमाले कुनै पनि बहानामा विद्यार्थीलाई विद्यालय जानबाट रोक्न खोजे पनि उनीहरू विद्यालय आउँछन् । बालबालिका नियमित विद्यालय आउन थालेपछि र उनीहरूले विद्यालयमा राम्रा कुरा सिक्न थालेको अनुभूति अभिभावकलाई हुन थाल्यो भने विद्यालयले बोलाएको जुनसुकै समयमा पनि अभिभावकहरू विद्यालयमा आउँछन् । विद्यालयको सरसफाईदेखि अन्य आवश्यक कार्यमा सहयोग गर्छन् ।

विभिन्न कठिनाईका बाबजुद पनि विद्यालयको वातावरण सुधार्न र विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिन सक्रिय शिक्षकहरूको मूल्यांकन अभिभावकहरूले गरिनै रहेका हुन्छन् । धेरै जसो गाउँघरका विद्यालयहरूका शिक्षकहरूको गैरव्यावसायिक र उत्तरदायित्वविहीन क्रियाकलापले अभिभावकहरू विद्यालयतिर फर्केर पनि नहेर्ने अवस्थामा पुगेका छन् ।

विद्यालयमा छोराछोरी पढाएर आफूले अक्षर चिन्न नसके पनि छोराछोरीलाई शिक्षित बनाउने सपना बोकेरै अभिभावकहरूले विद्यालय बनाउन श्रमदान गरेका हुन्छन् । छोराछोरीलाई शिक्षित बनाउने सपना सबै अभिभावकले देखेका छन् चाहे ती अत्यन्तै गरिब परिवारका किन नहुन् । तर, शिक्षकहरूले आफ्ना छोराछोरीलाई माया नगरेको र कुनै नयाँ कुरा नसिकाएको पाएपछि अभिभावकहरूको मोह भंग हुन्छ विद्यालयप्रति ।

एउटा असल शिक्षकले अभिभावकलाई विद्यालयमा नियमित आइरहने बनाउन सक्छ । सबैतिरबाट हेपिएका र कष्टपूर्ण जीवनयापन गरिरहेका अभिभावकहरूका सन्तानको उज्यालो भविष्यको आशा देखाउन सक्छन् । बालबालिका र अभिभावकको विश्वास गुमाए पछि शिक्षकहरूसँग अभिभावकहरूलाई मूर्ख, अज्ञानी र अशिक्षित देख्नुको विकल्प बाँकी रहँदैन ।



तस्बिर: सूर्योदय शैक्षिक प्रतिष्ठान

# सेतीदेवी निम्न माध्यामिक विद्यालय

# समर्पित शिक्षक, उत्कृष्ट विद्यालय

सेतीदेवी निम्न माध्यामिक विद्यालयमा अभिभावकको चाहना र विद्यार्थीहरूको रुची अनुसार अध्यापन हुन्छ । विद्यालयले सीमित स्रोत साधनका वावजुद पनि गुणस्तरीय शिक्षा उपलब्ध गराउँदै गएपछि यसले छिमेकी गाउँका अभिभावकहरूलाई पनि आकर्षित गर्दै गयो । आफ्ना बालबालिकालाई जीवनोपयोगी र गुणस्तरीय शिक्षा दिलाउन चाहने अभिभावकहरूका लागि यो विद्यालय आकर्षणको केन्द्र बन्दै गएको छ । त्यसैले यहाँ कतिपय विद्यार्थीहरू आफ्नै घर नजिकैको विद्यालय पनि छाडेर दुई घण्टासम्म हिँडेर आउने गर्दछन् ।

आज भन्दा १४ वर्ष पहिले २०५६ सालमा सेतीदेवी प्राथमिक विद्यालयको रुपमा यसको स्थापना भएको हो । स्थानीय अभिभावकहरूले आफ्ना बालबालिकालाई टाढा जानु नपरोस् र गाउँमै गुणस्तरीय शिक्षा उपलब्ध होस् भनेर यसको स्थापना गरेका हुन् । प्राथमिक विद्यालयका रुपमा स्थापना भए पनि अहिले यो निम्नमाध्यामिक विद्यालय भएकोछ । यहाँ दश जना शिक्षक छन् । १४० जना बालबालिकाहरू अंग्रेजी माध्यममा पढ्छन् । विद्यालयमा कम्प्युटर शिक्षाको सुविधा छ । यो विद्यालय जिल्लामै फरक तरिकाबाट सञ्चालित छ । यहाँ अध्यापन गराउने शिक्षकहरूको लगनशीलता नै यो विद्यालयको सफलता हो ।

यस विद्यालयमा बिदाका दिनहरूको आफ्नै क्यालेण्डर छ । प्रायः यहाँ विभिन्न सार्वजनिक विदाका दिनमा पनि विद्यालय सञ्चालन भइरहेको हुन्छ । सबै विद्यालयले बर्षे विदा मनाइरहँदा पनि यो विद्यालयमा जोड्तोड्का साथ पढाई चलिरहेको छ । अभिभावक, विद्यार्थी र शिक्षक सबै खुशी छन् । विदाको समयमा विद्यालय सञ्चालन गर्नुको कारण खुलाउँदै प्रधानाध्यापक कृष्ण खत्री भन्नुहुन्छ- "बालबालिकाको रुची र शिक्षकको चाहनाले हो । विद्यार्थीको उपस्थिति नै हामी सबै शिक्षकको रहर हो । हामीले पढाएर जश पाएका छौं । हामी सन्तुष्ट छौं । बिदा चाहने शिक्षकले विद्यालयलाई राम्रो बनाउन सक्दैन् ।"

यस भेगका अभिभावकको आयस्रोत नाजुक छ । तर उनीहरूमा बालबालिकालाई समय सापक्ष शिक्षा दिनुपर्छ भन्ने इच्छा छ । त्यही इच्छा अनुरुप अभिभावकहरू पनि विद्यालयमा भइपरि आउने विभिन्न काममा सहयोग कसरी गर्न सकिन्छ भनेर लागिपरेका छन् । सेतीदेवीमा शिक्षकहरूको सामूहिक समर्पणले नै हो, अभिभावकहरू पनि यो विद्यालय प्रति धेरै आशावादी रहेका छन् । यहाँका शिक्षकहरू छुट्टीको समयमा र विद्यालय समय पहिले र पछि शैक्षिक योजना र सोही अनुसारको शैक्षिक सामग्री तयार गर्छन् । यहाँ कुन पद्दति वा तरिकाबाट पढाउँदा बालबालिकालाई बढी भन्दा बढी ज्ञान दिन सकिन्छ भन्ने कुरामा जोड दिने गरिन्छ । यस विद्यालयमा अंग्रेजी माध्यमको पढाइ र सुविधा सम्पन्न पुस्तकालय छ । शिक्षकमा पनि बालबालिकाहरूप्रति जिम्मेबारीबोध छ ।

यस विद्यालयमा अध्ययन गरेका विद्यार्थीले अर्को विद्यालयको कक्षामा भर्ना भएर राम्रो नतिजा र व्यवहार देखाएका छन् । अरु विद्यालयले पनि सेतीदेवीबाट आएका विद्यार्थी भनेपछि कुनै परीक्षा नै नलिइकन भर्ना लिने गर्दछन् । केही वर्षदेखि यो विद्यालय निरन्तर जिल्लाको नमूना विद्यालयका रुपमा चयन हुँदै आएको छ ।

प्रधानाध्यापक कृष्ण खत्री भन्नुहुन्छ- "जवसम्म शिक्षकहरूमा सरकारी तलब खाने हो । हामीले स्थानीय अभिभावकलाई किन गन्नु पऱ्यो र ? आफ्नो तलब पाकेकै छ । बरु अरु अरु पेशामा पनि किन नलाग्ने ? भन्ने भावना जाँदैन तबसम्म विद्यालयको उन्नति हुन सक्दैन ।"

२०७० सालको जिल्लास्तरीय परीक्षामा पनि सेतीदेवी निम्न माध्यामिक विद्यालयका विद्यार्थीले जिल्लामै उत्कृष्ट अंक ल्याउन सफल भए । शिक्षकहरूको स्थानीय अभिभावकहरूसँग राम्रो सम्बन्ध छ । विद्यालयमा हरेक महिना अभिभावकहरूसँग अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिन्छ । यस अवसरमा अभिभावकहरूलाई विद्यार्थीहरूको प्रगति र कमजोरीकाबारेमा जानकारी दिइन्छ र सुधारका लागि अभिभावक, शिक्षक र विद्यार्थी बीच छलफल गर्ने गरिएको कुरा शिक्षक नविना खड्का बताउनु हुन्छ ।



तस्बिर: सूर्योदय शैक्षिक प्रतिष्ठान

सबैभन्दा महत्वपूर्ण कुरा यहाँका प्रधानाध्यापक कृष्ण खत्री हरपल विद्यालय सुधारकै योजनामा लागिरहनु भएको पाइन्छ । शिक्षण बाहेक अन्यत्र कतै पनि संलग्न नहुनु भएका खत्री विद्यालय सुधारकै लागि समर्पित हुनुहुन्छ । कक्षाकोठामा पनि प्रधानाध्यापक खत्रीको उत्कृष्ट प्रस्तुतिले विद्यार्थीहरूलाई सधैं आकर्षित गरिरहेको हुन्छ । विद्यार्थीका सामु झुक्न र उनीहरूलाई प्रेम गर्न सिपालु खत्रीले आफ्नो शिक्षक टीम र अभिभावकहरूको विश्वास जित्नु भएको छ ।

*भिडियो हेर्न www.tcmd.org हेर्नु होला ।*

■ कपिल श्रेष्ठ

# पाठ्यक्रममा आधारित शिक्षण गर्नेहरू "योग्य शिक्षक"

नयाँ शैक्षिक सत्र सुरु भएपछि जताततै पाठ्यपुस्तक नआइपुगेको गुनासो सुन्न पाइन्छ । "किताब नै छैन, कसरी पढाउनु ?" भनेर शिक्षकहरूले प्रतिप्रश्न गर्ने गर्दछन् । किताब समयमै उपलब्ध नभएको गतिलो बहाना मिलेपछि विद्यार्थीहरूलाई पढाउनुपर्ने बाध्यताबाट पनि शिक्षकहरू मुक्त हुँदै आएका छन् । शहरी क्षेत्रमा पनि यो समस्या सुनिन्छ तर, यसबाट सबैभन्दा बढी अन्याय दुर्गम गाउँका बालबालिकामाथि परेको छ ।

यस लेखमा पाठ्यक्रमको चर्चा गरिने छ, जुन प्रत्येक शिक्षकहरूसँग हुनुपर्ने हो र उनीहरूले त्यसैका आधारमा पढाउनु पर्ने हो । तर, कक्षा कोठमा छिरेपछि विद्यार्थीको पुस्तक खोसेर पढाउने बानी र सीप भएका शिक्षकहरूले पाठ्यक्रमतर्फ ध्यान दिएको पाईंदैन ।

पाठ्यक्रम शिक्षकहरूका लागि एउटा गाइडलाइन हो । यसैका आधारमा शिक्षकले पठनपाठन गराउने हो भने विद्यार्थीले धेरै कुरा बुझ्ने मौका पाउँछन् । यसबाट शिक्षकहरूले विद्यार्थीहरूलाई जीवनमा काम लाग्ने धेरै कुरा सिकाउन सक्छन् । पाठ्यक्रममा आधारित शिक्षणले शिक्षक आफैंलाई पनि पुनःर्ताजगी दिनेछ । आफ्नो विषयमा दक्ष र योग्य हुन मद्दत पुग्नेछ । शिक्षण सरल भएपछि उनीहरू आफैंलाई शिक्षक हुनुको गौरव अनुभुति हुन्छ ।





यहाँ कक्षा ९ र १० को पाठ्क्रमको चर्चा गरिन्छ । पाठ्यक्रम विकास केन्द्रले तयार गरेको माध्यमिक तहको पाठ्यक्रम अन्तर्गतको तहगत उद्देश्य शीर्षकमा भनिएको छ, "राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमताअनुरूप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान, सीप प्रदान गरी सचेत नागरिक तयार पार्नु हो ।"

माथि उल्लेख गरिएको उद्देश्य एउटा आदर्श उद्देश्य हो । नेपालका विद्यालयहरूले माथिको उद्देश्य अनुरुपका विद्यार्थी उत्पादन गर्न सकेमा नेपालको शिक्षा गुणस्तरीय छ भन्न कुनै हिच्किचाहट हुँदैन । तर, अहिले गौरव गर्ने अवस्था छैन । माध्यमिक शिक्षा उतीर्ण गरेका सामुदायिक विद्यालयका बहुसंख्यक विद्यार्थीहरू अंग्रेजीमा दोहोरो सम्वाद गर्न कठिनाई महसूस गर्छन् । गणितका सामान्य जोडघटाउमा उनीहरूलाई कठिनाई पर्छ । एउटा सामान्य चिठी लेख्न उनीहरू हिच्किचाउँछन् । अधिकांशले एक अनुच्छेद शुद्ध नेपाली लेख्न सक्दैनन् ।

कक्षा ९ र १० को नेपाली पाठ्यक्रमकै कुरा गरौं । त्यहाँ स्पष्ट रुपमा ९ र १० मा नेपाली पढ्नुका उद्देश्यहरू प्रष्ट्याइएको छ । सुनाइ र बोलाई, पढाई र लेखाईका आधारभूत उद्देश्यहरू उल्लेख छन् । विधाको क्षेत्र र क्रम तालिकामा प्रष्ट रुपमा शिक्षण सिकाईको चरणबद्ध ढाँचा उल्लेख छ । व्याकरण र अन्य पक्षहरूलाई कसरी शिक्षकले पढाउन सक्छन् भनेर त्यसरी नै स्पष्ट पारिएको छ । यदि शिक्षकले राम्रोसँग पाठ्यक्रम हेर्ने हो भने उनीहरूलाई आफूले गर्नुपर्ने तयारीको ज्ञान हुन्छ । पाठ्यक्रममा आधारित तयारी गर्ने शिक्षकले कक्षाकोठाको प्रस्तुतीमा राम्रो ढंगले उपलब्धि हासिल गर्न सक्छन् ।

त्यसैगरी ९ र १० को अंग्रेजी पाठ्यक्रमको पनि स्पष्ट विवरण दिइएको छ । ९ र १० पढेको विद्यार्थीले अंग्रेजीमा कति योग्य बन्नुपर्छ भन्ने पनि यहाँ उल्लेख गरिएको छ । शिक्षक र विद्यार्थीहरूसँग हुनुपर्ने स्रोतसामग्रीहरू, शिक्षण विधि आदि पनि यहाँ स्पष्ट रुपमा उल्लेख गरिएको छ । सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सीप र क्षमताको कसरी मूल्यांकन गर्ने भन्ने पनि यहाँ प्रष्ट्याइएको छ । त्यसरी नै गणित, सामाजिक अध्ययन, विज्ञान, स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षाको पनि पाठ्यक्रम विस्तारमा बयान गरिएको छ ।

शिक्षकले थोरै मेहनतबाट पनि विद्यार्थीहरूलाई प्रभावकारी शिक्षण गर्न सक्छन् । पाठ्यक्रममा आधारित शिक्षण व्यवहारिक हुने भएको र यो पुस्तकको साँघुरो वृत्त भन्दा अझ फराकिलो हुने भएकाले विद्यार्थीहरूलाई बढी जानकारी हासिल गर्न सघाउ पुग्ने हुन्छ । शिक्षकहरूको झोलामा त पाठ्यक्रम अनिवार्य रुपमै हुनुपर्छ, विद्यार्थीहरूलाई पनि पाठ्यक्रम हेर्न प्रेरित गर्ने शिक्षकहरूले सजिलै राम्रो नतिजा हासिल गर्न सक्छन् ।

■

*अर्को बुलेटिनमा हामी प्राथमिक तहको पाठ्यक्रमको चर्चा गर्नेछौं ।*